निर्णयहरूः-

१. कोभिड-१९ संक्रमणको जोखिम यथावत नै रहको र मकवानपुर जिल्लामा समेत संक्रमितहरूको संख्या दिनानुदिन बढ्दै गइरहेको परिवेशमा हेटौडा बजार क्षेत्रमा हुने मानिसहरूको भिडभाडले थप संक्रमणको जोखिम निम्त्याउने सम्भावना देखिएको हुँदा मिति २०७८ साल बैशाख १२ गतेदेखि अर्को निर्णय नभएसम्मका लागि हेटौडा बजार क्षेत्रमा सञ्चालन हुने सबै निजी सवारी साधनहरू (कार, मोटरसाइकल समेत) एवं ट्याम्पो, अटो, म्याजिक, मयुरीमा गते अनुसार जोर विजोर प्रणाली लागू गर्ने ।

२. सार्वजनिक स्थलहरूमा मास्क नलगाउनेहरू उपर संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही र सजायका लागि प्रमुख जिल्ला अधिकारीसमक्ष सिफारिस गर्ने ।

३. जिल्लाभित्र रहेका सबै पार्कहरू र पिकनिक स्पोटहरू बैशाख मसान्तसम्मका लागि बन्द गर्ने ।

४. कोभिड-१९ सम्बन्धी जनस्वास्थ्यका मापदण्डहरू, समय-समयमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, मकवानपुर र जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट भएका निर्णयहरू कार्यान्वयन भए, नभएको सम्बन्धमा अनुगनका लागि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहायबमोजिमको एक समिति गठन गर्ने । सो समितिले नियमितरूपमा अनुगमन गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, मकवानपुरमा प्रतिवेदन पेश गर्ने ।

| | | |
|---|---|---|
| स.प्र.जि.अ. | श्री चिरञ्जीवी शर्मा, जिल्ला प्रशासन कार्यालय, मकवानपुर | -संयोजक |
| प्र.ना.उ. | श्री जयश्वर रिमाल, जिल्ला प्रहरी कार्यालय, मकवानपुर | -सदस्य |
| स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल, नं.१४ गण, हे.क्वा., मकवानपुर | -सदस्य |
| प्रतिनिधि | श्री स्वास्थ्य कार्यालय, मकवानपुर | -सदस्य |
| अध्यक्ष | श्री लेखराज पोखरेल, उद्योग संघ, मकवानपुर | -सदस्य |
| अध्यक्ष | श्री मणिराज गौतम, नेपाल पत्रकार महासंघ, मकवानपुर शाखा | - सदस्य |
| बरिष्ठ उपाध्यक्ष | श्री माधव न्यौपाने, मकवानपुर उद्योग वाणिज्य संघ | -सदस्य |

२०७८।१।१०

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी